# सरुवा तथा पदस्थापन मापदण्ड, २०७१

**नेपाल सरकार**

**गृह मन्त्रालय**

# परिच्छेद एक

**संक्षिप्त नाम र परिभाषा**

१. यो सरुवा मापदण्डको नाम “गृह मन्त्रालयको सरुवा तथा पदस्थापन मापदण्ड २०७१” हुनेछ ।

२. यो मापदण्ड गृह मन्त्रालयले स्वीकृत गरी तोकेको मिति देखि लागू हुनेछ ।

३. अन्यथा उल्लेख भएकोमा बाहेक यस मापदण्डमा :

क. “**मन्त्रालय**” भन्नाले गृह मन्त्रालयलाई जनाउनेछ ।

ख. “**काज**” भन्नाले निजामति सेवा ऐन को दफा १८ (क) बमोजिमको काज भन्ने जनाउनेछ ।

ग. “**अंचलीकरण**” भन्नाले निजामति सेवा ऐन को दफा १८ (७) बमोजिम सात वर्ष सम्म पदस्थापन भएको अंचल भन्दा बाहिर सरुवा गर्न नमिल्ने अवस्थालाई जनाउनेछ ।

**घ)** “**क्षेत्रीयकरण**” भन्नाले निजामति सेवा ऐन को दफा १८ (७) बमोजिम सात वर्ष सम्म पदस्थापन भएको क्षेत्र भन्दा बाहिर सरुवा गर्न नमिल्ने अवस्थालाई जनाउनेछ ।

# परिच्छेद दुई

कर्मचारी सरुवा सम्बन्धी सामान्य सिद्धान्तहरु

सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त मार्गदर्शन समेतलाई समावेश गरी यस मन्त्रालयका लागि सरुवा तथा पदस्थापनाका निम्न सामान्य सिद्धान्तहरु अवलम्वन गरिनेछ **।**

१. सेवा प्रवाह गर्ने निकाय तथा दुर्गम स्थानका कार्यालयहरुमा पद रिक्त नहुने गरी सरुवा गर्ने ।
२. सामान्यतया कुनै पनि कर्मचारीलाई कुनै पनि भौगोलिक क्षेत्रमा न्युनतम तोकिएको अवधि पुरा नभई सरुवा नगर्ने ।
३. क बर्गको भौगोलिक क्षेत्रमा काम गर्ने कर्मचारीलाई सके सम्म मागेको ठाउमा सरुवा गरिदिने र ख बर्गका भौगोलिक क्षेत्रमा काम गरेका कर्मचारीलाई मागेको ठाउँमा सरुवा गर्न प्राथमिकता दिने ।
४. कुनै पनि कर्मचारीलाई समान्यतया ५ बर्ष भन्दा बढी अवधि एउटै कार्यालयमा नराख्ने ।
५. शुरु पदस्थापन गर्दा र तीन महिना भन्दा बढी अवधिको वैदेशिक अध्ययन तथा तालिम पुरा गरी फर्केकाकर्मचारीहरुलई दुर्गम स्थानका सेवा प्रवाह गर्ने कार्यालयहरुमा पदस्थापन, सरुवा गर्ने ।
६. एउटै कार्यालयको जिन्सी शाखामा एउटै कर्मचारीलाई ५ बर्ष भन्दा बढी अवधि नराख्ने ।
७. केन्द्रीयस्तरबाट सेवा प्रवाह गर्ने निकाय र सेवा प्रवाह गर्ने निकायबाट केन्द्रिय स्तरमा आलोपालो सरुवा गर्ने ।
८. आयोजना कार्यान्वयन समुह पुल दरवन्दीमा पदाधिकार राखी काज खटाउदा आलापालो गरी पहिले मौका नपाएका लाई प्राथममिकता दिने ।
९. कुनै कार्यालयमा यस अघि न्युनतम अवधि पुरा गरीसकेका कर्मचारीलाई सोही कार्यालयको सोही पदमा सामान्यतया ५ बर्ष अवधि पुरा नभई दोहोर्याएर सरुवा नगर्ने ।
१०. राम्रो कार्यसम्पादन गर्ने सदाचारी तथा अनुशासित कर्मचारीलाई मागेको ठाउमा सरुवा हुने गरी प्राथमिकता दिने । पुरस्कृत गर्नुपर्नेलाई दण्डित भएको महशुस गर्नेगरी र तोकिएको जिम्मेवारी इमान्दारीपुर्वक वहन नगर्नेलई प्रोत्साहित हुने गरी सरुवा नगर्ने ।
११. विभागीय कारवाहीको प्रक्रियामा रहेको कर्मचारीलाई सो कारवाही टुंगो नलागे सम्म अन्यत्र सरुवा नगर्ने । त्यस्ता कर्मचारीले सम्पादन गरी आएको कार्य अन्य कर्मचारीबाट गराउने व्यवस्था गराउने ।
१२. कुनै कार्यालयमा तोकिएको जिम्मेवारी पुरा नगर्ने, कार्यालयको काममा समस्या सिर्जना गर्ने कर्मचारीलाई भरपर्दो आधार भएमा कार्यालय प्रमुख वा विभागीय प्रमुखको सिफारिसमा अभिलेख राखी अन्यत्र सरुवा गर्ने
१३. राजपत्र अनंकित श्रेणीमा कार्यरत कर्मचारीको सरुवा गर्दा रिक्त पद मिले सम्म पति पत्नी दुवैलाई एउटै जिल्लामा सरुवा गर्ने ।
१४. पदस्थापन वा सरुवा भएको कार्यालयमा हाजिर नभई अन्यत्र काजमा बसेको अवस्थामा काज खटिएकै कार्यालयमा काम गरेको मानी अवधिको गणना गर्ने ।
१५. पदस्थापन वा सरुवा भएको कार्यालयमा हाजिर नभै अन्यत्र सरुवा नगर्ने ।
१६. ५० वर्ष उमेर पुगेका कर्मचारीलाई उनीहरुको इच्छा विना दुर्गम क्षेत्रमा सरुवा नगर्ने ।

१७. अन्यत्रबाट गृह मन्त्रालयमा पदस्थापन/ सरुवा भई आउने राजपत्रांकित कर्मचारीलाई अनुसूचि १ २ को “घ” वर्गका कार्यालयमा प्रमुखको जिम्मेवारी नदिने ।

१८. गृह मन्त्रालयमा अन्यत्रबाट सरुवा भई आउने राजपत्र अनंकित कर्मचारीहरुलाई पहिलो पदस्थापनामा अनुसूचि २ को “घ” वर्गका कार्यालयमा पदस्थापन नगर्ने ।

१९. कुनै विभाग, कार्यालय वा निकायमा कार्यरत कर्मचारीहरु मध्ये सरुवा गर्दा सबभन्दा लामो समय एउटै निकायमा कार्यरत कर्मचारीलाई पहिले सरुवा गर्ने नीति लिइनेछ ।

२०. निजामती सेवा नियमावली, २०५० को अनुसुची १६ को भौगोलिक क्षेत्रको वर्गिकरण तथा गृह मन्त्रालय वा अन्तर्गतका निकायहरुको काम तथा संगठनको प्रकृतीका आधारमा गृह मन्त्रालयको सरुवा तथा पदस्थापन प्रयोजनका लागि जिल्ला तथा कार्यालय, निकायहरुलाई अनुसुची १ र २ अनुसार वर्गिकरण गरिएको छ ।

२१. कुनै कार्यालयको प्रमुखको जिम्मेवारी बहन गरिरहेको अवस्थामा साविक पद भन्दा माथिल्लो पदको कार्यालय प्रमुख बहाली भएमा साविक कार्यालय प्रमुखलाई संभव भएसम्म अन्यत्र पायक पर्दो स्थानमा सरुवा गरिदिने ।

## परिच्छेद तीन

### राजपत्र अनंकित तथा राजपत्रांकित तृतीय श्रेणीका कर्मचारीहरुको सरुवा मापदण्ड

गृह मन्त्रालय अन्तर्गतका राजपत्रांकित तृतीय तथा राजपत्र अनंकित कर्मचारीहरुको सरुवा गर्दा निम्नानुसार गरिनेछ :

१. यस मन्त्रालय वा अन्तर्गत सरुवा भै आएका कर्मचारीलाई रिक्त रहे सम्म **क** वर्गको स्थान/निकायमा पदस्थापन गर्ने, सो नभएमा **ख** वर्गमा पदस्थापन गर्ने ।

२. अंचलिकरण र क्षेत्रीयकरणको प्रावधानमा रहेका राजपत्र अनंकित कर्मचारीहरुलाई मन्त्रालय वा मातहतका विभागहरुले विशेष परिस्थिती वा अवस्थामा (जस्तै आफु वा परिवारको सदस्य गम्भीर विरामी, आसौच बारेको वा ट्रेड युनियनको केन्द्रिय प्रतिनिधि रहेको) बाहेक कुनै पनि प्रकारको काजमा नराख्ने ।

३. क वर्गको स्थान/कार्यालयमा एक कार्यकाल पुरा नगरी त्यस्ता निकायमा कार्यरत कर्मचारीलाई घ वर्गको स्थान/कार्यालयमा सरुवा नगर्ने

४. घ वर्गमा कार्यरत कर्मचारीको सरुवा गर्दा क वा ख वर्गको स्थान/निकायमा गर्ने ।

५. सम्बन्धित कर्मचारीले आफैले मागेको अवस्थामा बाहेक क वर्गमा कार्यरत कर्मचारीलाई क वर्गकै अर्को कार्यालय वा ख वर्गको स्थान /कार्यालयमा सरुवा नगर्ने

६. क वर्ग र ख वर्गका जिल्लाका कार्यालयहरुमा १ कार्यअवधि पुरा गरेको कर्मचारीलाइ घ वर्गको जिल्लामा सरुवा गर्ने ।

७. ख वर्गमा १ कार्यअवधि बसेको कर्मचारीलाई ग वर्गमा सरुवा गर्ने तथा ग र ख वर्गमा एक कार्यअवधि बसेको कर्मचारीलाइ घ वर्गमा सरुवा गर्ने ।

८. **घ** वर्गबाट **क** वर्गमा सरुवा भै हाल **क** वर्गमा कार्यरत कर्मचारीको सरुवा **ख** वा **ग** वर्गमा गर्ने ।

९. कर्मचारी स्वयंले मागेको अवस्थामा बाहेक क्षेत्रिय प्रशासन कार्यालयहरु, एकिकृत सेवा केन्द्रहरु, इलाका प्रशासन कार्यालयहरु तथा सिमा प्रशासन कार्यालयहरुमा एक कार्य अवधि व्यतित गरिसकेका कर्मचारीको सरुवा गर्दा त्यस्तै प्रकृतिका अन्य कार्यालयहरुमा नगर्ने ।

१०. कुनै जिल्लामा सहायक प्र.जि.अ. मा कार्यरत कर्मचारीलाई सोहि जिल्लाको इलाका प्रशासन कार्यालय वा सीमा प्रशासन कार्यालयमा सरुवा नगर्ने ।

## परिच्छेद चार

### राजपत्रांकित द्वितीय श्रेणीका कर्मचारीहरुको सरुवा मापदण्ड

१. यस मन्त्रालय वा अन्तर्गत सरुवा भै आउने नयाँ कर्मचारीलाई रिक्त रहे सम्म **क** वर्गको स्थान / निकायमा पदस्थापन गर्ने , सो नभएमा **ख** वर्गमा पदस्थापन गर्ने ।

२. **क** वर्गको स्थान/कार्यालयमा एक कार्यकाल पुरा नगरी **घ** वर्गको स्थान/कार्यालयमा सामान्यतया सरुवा नगर्ने
३. **घ** वर्गमा कार्यरत कर्मचारीको सरुवा गर्दा **ग** वा **क** वर्गको स्थान/निकायमा गर्ने ।
४. सम्बन्धित कर्मचारीले आफैले मागेको अवस्थामा बाहेक **क** वर्गमा कार्यरत कर्मचारीलाई **क** वर्गकै अन्य कार्यालयमा सरुवा नगर्ने
५. अध्यागमन विभाग वा अध्यागमन कार्यालयमा कार्यरत कर्मचारीलाई अन्यत्र सरुवा गर्दा ख वा क वर्गको स्थानमा गरिनेछ ।
६. कारागार विभाग वा कारागार कार्यालयबाट अन्यत्र विभाग वा कार्यालय सरुवा गर्दा ख वा ग वर्गको स्थानमा गर्ने
७. यस मापदण्ड बमोजिम प्र.जि.अ. का लागि तोकिएको योग्यता पुगेका तथा क्षेत्रिय प्रशासन कार्यालय वा स.प्र.जि.अ. भै एक कार्यअवधि पुरा गरेको कर्मचारीहरुलाई निजले अन्यथा माग गरेको अवस्थामा बाहेक घ वा ग वर्गको जिल्ला वा कार्यालयमा सरुवा गरिनेछ ।

## परिच्छेद पाँच

## प्रमुख जिल्ला अधिकारीको सरुवा सम्बन्धि मापदण्ड (रा.प.द्धितीय र प्रथम)

प्रमुख जिल्ला अधिकारी सरकारको प्रमुख प्रशासकीय प्रतिनिधिको रुपमा जिल्लामा रही कार्य गर्ने पदाधिकारी भएकोले यस महत्वपुर्ण पदमा पदस्थापन तथा सरुवा गर्दा ब्यवसायिकता, अनुभव र कार्यक्षमतालाई आधार लिनुपर्ने हुन्छ । प्रमुख जिल्ला अधिकारीको कार्य जिम्मेवारी वहन गर्न नेतृत्व क्षमता, सुरक्षा ब्यवस्थापन सम्बन्धि ज्ञान, स्थानीयस्तरको कार्य अनुभव, रुची र दक्षताका आधारमा पदस्थापन तथा सरुवा गरी दक्ष एवं ब्यवसायिक प्रशासनिक नेतृत्वका रुपमा प्रमुख जिल्ला अधिकारीलाई स्थापित गर्न आवश्यक देखिएकोले निजामती सेवा ऐन एवं नियमावलीको पदस्थापन तथा सरुवा सम्बन्धी ब्यवस्थाको प्रतिकुल नहुने निम्न मापदण्ड लागू गरिएको छ ।

१. प्रशासन सेवालाई तोकिएको विषयमा स्नातकोत्तर शैक्षिक योग्यता हासिल गरेको तथा प्रशासन सेवा सामान्य प्रशासन समुहका रा.प. प्रथम वा द्धितीय श्रेणीको पदमा कार्यरत कर्मचारी हुनुपर्ने ।
२. कानून विषयमा स्नातक तहको शैक्षिक योग्यता भएको वा कानून र न्याय सम्बन्धी न्युनतम ३ महिनाको तालिम प्राप्त गरेको हुनुपर्ने ।
३. प्र.जि.अ. को जिम्मेवारीमा खटाउदा समावेशीको शिद्धान्त बमोजिम महिला, आदिवासी, जनजाती, मधेशीलाई प्राथमिकता दिने निती लिईने ।
४. विभागिय कारवाहीमा परेको वा कार्य सम्पादनको स्तर सन्तोषजनक नभएका पदाधिकारीहरुलाई प्र.जि.अ.को जिम्मेवारी नदिने ।
५. सामान्यतया लगातार ३ जिल्लामा प्र.जि.अ.को जिम्मेवारी बहन गरि सकेकाहरुलाई मन्त्रालय मातहत विभाग र क्षेत्रीय प्रशासन कार्यालयमा सरुवा गर्ने नीति अवलम्बन गर्ने ।
६. गृह मन्त्रालय, क्षेत्रीय प्रशासन कार्यालय, कारागार ब्यवस्थापन विभाग, प्रहरी कितावखाना, अध्यागमन विभागमा कार्यरत कर्मचारीहरुलाई प्र.जि.अ.को जिम्मेवारी दिदा पहिलो प्राथमिकता दिने ।
७. विगतमा रा.प. द्धितीय श्रेणीको प्र.जि.अ. वा स.प्र.जि.अ. भई कार्यानुभव भएकोलाई रा.प. प्रथम श्रेणीको प्र.जि.अ. पदमा खटाउदा प्राथमिकता दिईने ।
८. रा.प. द्धितीय श्रेणीका जिल्लामा प्र.जि.अ.मा खटाउदा विगतमा स.प्र.जि.अ. वा गृह मन्त्रालय माताहत निकायमा कार्यरत भई सेवा गरेकोलाई प्राथमिकता दिईने ।
९. सामान्यतया दुर्गम पहाडी जिल्लामा र्कारत रही उच्च कार्यकुशलता हासिल गरेकालाई क्रमशः सुगम जिल्लाहरुमा सरुवा गर्ने नीति अवलम्बन गर्ने ।
१०. लामो समयदेखी विभिन्न जिल्लामा स.प्र.जि.अ. वा मन्त्रालय र माताहत निकायमा कार्यरत कर्मचारीलाई उच्च प्राथमिकताका साथ प्र.जि.अ.को जिम्मेवारीमा खटाउने नीति लिईने ।
११. ब्यवसायिक क्षमातामा उत्कृष्टता प्रदर्शन नगरेका एवं कार्यसम्पादन उच्च नरहेको पदाधिकारीलाई प्र.जि.अ. बाट प्र.जि.अ. मा सरुवा नगरिने ।
१२. उच्च मनोवल का साथ कार्य गर्न सक्ने खुवी एवं ब्यवसायिक कार्यकुशलता भएकाहरुलाई प्र.जि.अ.मा खटाउदा उच्च प्राथमिकता दिईने
१३. कुनै प्रकारको कडा वा दिर्घकालिन रोग लागेकालाई प्र.जि.अ. मा नखटाईने ।

१४ स्थानीय प्रशासन र विकास प्रशानका बारेमा राम्रो ज्ञान हासिल गरेकालाई प्र.जि.अ.को पदस्थापन र सरुवामा उच्च प्राथमिकता दिने नीति अवलम्बन गरिने ।

## परिच्छेद छ

अध्यागमन विभागमा कार्यरत कर्मचारीहरुलाइ सरुवा गर्ने आधारहरु

**1)** अध्यागमन विभाग वा सो अन्तर्गत सरुवा हुने कर्मचारीमा निम्न योग्यता आवश्यक पर्नेछ ।

१) अंग्रेगी भाषा राम्रोसँग लेख्न, पढ्न र बोल्न सक्ने ।

२) कम्प्यूटर तालीम प्राप्तगरी कम्तीमा MS-Word, Ms-Excel र Internet सञ्चालनगर्नसक्ने।

३) माथि उल्लेखित योग्यताका अतिरिक्त राजपत्राकिंत कर्मचारीका हकमा तीन वर्ष र राजपत्र अनकिंत कर्मचारीका हकमा दुई वर्ष गृहमन्त्रालय र अन्तर्गत निकायमा न्यूनतम कार्य अनुभव प्राप्त गरेको हुनुपर्दछ।

४) पहिले अध्यागमन विभाग तथा अन्तर्गतका कार्यालयहरुमा कार्यरत रहेको अवस्थामा विभागीय कारवाहीमा नपरेको हुनुपर्नेछ।

६) पुनः सरुवा :- एक पटक अध्यागमन विभाग र अन्तर्गत निकायमा कार्यरत रहेको कर्मचारी पाँच वर्ष व्यतित नगरी पुनः सोही पदमा अध्यागमन विभाग र अन्तर्गत निकायमा सरुवा हुन सक्ने छैन ।

## परिच्छेद आठ

### विविध

१. यस मापदण्डमा लेखिएको कुनै पनि कुरा निजामति सेवा ऐन २०४९, नियमावली २०५०, सँग बाझिएमा ऐन एवं नियमावली बमोजिम हुने र अन्य कुराहरु यस मापदण्ड बमोजिम हुनेछ ।

२. समय समयमा यस मापदण्ड उपर पुनरावलोकन गरी मन्त्रालयले कामको प्रकृति, कार्यबोझ, कर्मचारीको रुचीको अवस्था, एवम् संगठनको आवश्यकता अनुसार यस मापदण्डको कुनै पनि परिच्छेद, बुँदा, अनुसुचिमा हेरफेर तथा थपघट गर्न सक्नेछ र सो गर्दा गृह मन्त्रालयमा क्रियाशिल ट्रेड युनियन हरु संग छलफल तथा परामर्श गरिनेछ ।

## अनुसूचि १

राजपत्रांकित द्वितीय श्रेणीका कर्मचारीहरुको सरुवा प्रयोजनका लागि जिल्ला, कार्यालय, निकायको वर्गिकरण

### "घ" वर्गका निकाय वा कार्यालयहरु

- अध्यागमन विभाग,
- जिल्ला प्रशासन कार्यालयहरु काठमाण्डौ, ललितपुर, भक्तपुर, रुपन्देही, म्याग्दी झापा, सुनसरी, मोरङ्ग, पर्सा, बाँके कास्की, इलाम, सिन्धुली, दोलखा, सिन्धुपाल्चोक, धादिङ्ग, गोरखा, पाल्पा, वाग्लुङ्ग, नुवाकोट, रामेछाप, लमजुङ्ग
- इलाका प्रशान कार्यालय दमक, उर्लावारी, धरान, कावासोती, वुटवल

### "ग" वर्गका निकाय वा कार्यालय

- जिल्ला प्रशासन कार्यालयहरु पाँचथर, तेह्रथुम, गुल्मी, अर्घाखाँची, पर्वत, सल्यान, धनुषा, कैलाली, बारा, चितवन, मुस्ताङ., रसुवा
- उपत्यका भित्रका कारागार कार्यालयहरु
- काठमाण्डौ स्थित इलाका प्रशासन कार्यालयहरु

- अध्यागमन कार्यालय, त्रि.अ.वि, कोदारी, बेलहीया

**"ख" वर्गका जिल्लास्थान**

- गृह मन्त्रालय ।
- राष्ट्रिय परिचय पत्र व्यवस्थापन केन्द्र ।
- "घ" र "ग" वर्गमा नपरेका जिल्ला प्रशासन कार्यालयहरु,
- "घ" र "ग" वर्गमा नपरेका इलाका प्रशासन कार्यालयहरु ।

**"क" वर्गका जिल्ला, स्थान**

- क्षेत्रीय प्रशासन कार्यालयहरु,
- कारागार व्यवस्थापन विभाग, प्रहरी किताबखाना,
- उपत्यका बाहिरका कारागार कार्यालयहरु

## अनुसूचि- २

रा.प.अनं. तथा रा.प. तृतीय श्रेणीका कर्मचारीहरुको सरुवा प्रयोजनको लागि जिल्ला, कार्यालय, निकायको वर्गिकरण

"घ" वर्गका स्थान/ जिल्लाहरु/कार्यालयहरु

- जिल्ला प्रशासन कार्यालयहरुः काठमाण्डौ, ललितपुर, भक्तपुर, झापा, मोरङ्ग, सुनसरी, पर्सा, रुपन्देही, कास्की, सिन्धुपाल्चोक, चितवन,
- इलाका प्रशान कार्यालय दमक, उर्लाबारी, धरान, कावासोती, बुटवल, सिमरा, हरिवन, घोराही, टिकापुर चन्द्रनिगाहपुर र अध्यागमन कार्यालय काकडभिट्टा अध्यागमन कार्यालय कोदारी, अध्यागमन कार्यालय बेलहिया

"ग" वर्गका स्थान/ जिल्लाहरु

- जिल्ला प्रशासन कार्यालयहरु : काभ्रेपलाञ्चोक, बाँके, नवलपरासी, सिन्धुली, धादिङ्ग, नुवाकोट, दोलखा,
- अध्यागमन कार्यालय त्रि.अ.वि., काठमाण्डौ उपत्यकाका कारागार कार्यालयहरु ।

"ख" वर्गका निकायहरु

- गृह मन्त्रालय कारागार व्यवस्थापन विभाग, राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्र, प्रहरी कितावखाना, तथा उपत्यका भित्रका अन्य कार्यालय ( (घ) र (ग) वर्गमा नपरेको कार्यालयहरु)
- कारागार कार्यालयहरु : झापा, मोरङ्ग, सुनसरी, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, चितवन, कास्की, रुपन्देही, बाँके, पर्सा
- तराइका जिल्लाहरुमा रहेका एकिकृत सेवा केन्द्रहरु
- "घ" र ग वर्गमा नपरेका अध्यागमन कार्यालयहरु
- घ र ग मा नपरेका जिल्ला प्रशासन कार्यालयहरु

"क" वर्गका निकाय तथा कार्यालयहरु

- क्षेत्रिय प्रशासन कार्यालयहरु, अन्य वर्गमा नपरेका एकिकृत सेवा केन्द्रहरु, अन्य वर्गमा नपरेका कारागार कार्यालयहरु, "ग" वर्गमा नपरेका इलाका प्रशासन कार्यालयहरु, सीमा प्रशासन कार्यालयहरु